annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३४, पृष्ठ १४ | काठमाडौं, शुक्रबार १८ पुस २०८२ | पौष शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | FRIDAY, JANUARY 2, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## समानुपातिक प्रणाली : संसद्को ढोकामा पहुँचवालाको चाबी

हेर्दाहेर्दै समानुपातिक प्रणाली सुधार्ने होइन, कब्जा गर्ने औजार बनाइयो । पुराना पार्टीले जसरी नातावाद, कृपावाद र पहुँचवादको बाटो समाए, 'नयाँ' भनिएका दलले पनि ठीक त्यही गलत पछ्याए । जेन-जी आन्दोलनले कृपाको राजनीतिमा भूकम्प ल्याउँछ भन्ने अपेक्षा ४ महिनामै भत्कियो । उपेक्षित र सीमान्तकृतलाई संसद् पुऱ्याउने उद्देश्यले बनाइएको समानुपातिक प्रणाली आज दलका नेता, नातेदार, दाता र दलाल सुरक्षित गर्ने संरचना बन्दै गएको छ । संविधानको मर्म, सर्वोच्चको निर्देशन र समावेशीताको भावना कुल्चिँदै जाँदा- समानुपातिक प्रणालीमा फैलिएको यो विकृतिले लोकतन्त्रकै आत्मामाथि प्रश्न खडा गरेको छ ।

समाचार पृष्ठ २

दिनेश गौतम | काठमाडौं

- को रिपोर्ट




## युक्रेनी ड्रोन आक्रमणमा २४ को मृत्यु भएको रूसको दाबी

**मस्को** (अन्नपूर्ण) : दक्षिणी खेरसोन क्षेत्रको रूसी नियन्त्रणमा रहेको भागमा नयाँ वर्षको उत्सव चलिरहेको एक होटल र क्याफेमा युक्रेनले ड्रोन आक्रमण गर्दा कम्तीमा २४ जनाको मृत्यु भएको रूसले दाबी गरेको छ। मृतकमध्ये एक बालक पनि रहेको बताइएको छ।

क्षेत्रका रूसी नियुक्त गभर्नर भ्लादिमिर साल्दोले पहिलोपटक टेलिग्राममार्फत उक्त दाबी गरेका थिए। त्यसपछि रूसको विदेश मन्त्रालय र वरिष्ठ राजनीतिज्ञहरूले युक्रेनमाथि 'आतंककारी आक्रमण' गरेको आरोप लगाएका छन्। साल्दोले आक्रमणपछिको अवस्था भन्दै केही तस्बिरहरू पनि सार्वजनिक गरेका छन्। तस्बिरहरूमा सेतो चादरले ढाकिएको कम्तीमा एक जनाको शव देखिएको छ।

भवनमा भीषण आगलागी भएको संकेत देखिन्थ्यो भने जमिनमा रगतजस्ता दागहरू पनि देखिएका छन्। रूसको विदेश मन्त्रालयले प्रारम्भिक जानकारीअनुसार उक्त आक्रमणमा २४ जनाको मृत्यु भएको र ५० जना घाइते भएको जनाएको छ।

## अमेरिकाद्वारा भेनेजुएलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध

**वासिङ्टन** (एजेन्सी): संयुक्त राज्य अमेरिकाले भेनेजुएलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध घोषणा गरेको छ। अमेरिकी अर्थ मन्त्रालयले बुधबार भेनेजुएलाको तेल कारोबारमा संलग्न चार कम्पनीमाथि प्रतिबन्ध लगाउनुका साथै चारवटा तेल ट्यांकरलाई अवरुद्ध सम्पत्तिका रूपमा सूचीकृत गरेको हो।

उक्त मन्त्रालयले जारी गरेको आधिकारिक विज्ञप्तिअनुसार यी प्रतिबन्धहरू भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोमाथि दबाब बढाउने राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो प्रयासको हिस्सा हुन्। भेनेजुएलाको तेल ओसारपसारमा संलग्न रहेको आरोपमा ती कम्पनी र तिनीसँग सम्बन्धित ट्यांकरहरूलाई लक्षित गरिएको विज्ञप्तिमा उल्लेख छ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले विज्ञप्तिमा भने, 'राष्ट्रपति ट्रम्प स्पष्ट हुनुहुन्छ–अवैध मदुरो शासनले तेल निर्यातबाट नाफा कमाउन पाउँदैन, विशेष गरी जब त्यसले अमेरिकामा घातक लागुपदार्थको बाढी ल्याइरहेको छ।' उनले अर्थ मन्त्रालय राष्ट्रपति ट्रम्पको निर्देशनअनुसार मदुरो शासनमाथि दबाब बढाउने अभियान कार्यान्वयन गर्न निरन्तर लागिरहने स्पष्ट पारे।

# कांग्रेस महाधिवेशन विवाद झन् उत्कर्षमा

अन्नपूर्ण | काठमाडौं

नेपाली कांग्रेसमा थप भाडभैलो सुरु भएको छ। तोकिएको समयमा नियमित महाधिवेशन नहुने भएपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विद्रोह गरेका छन्। उनीहरूले यही पुस २७ र २८ गते विशेष महाधिवशेन गर्ने भन्दै भृकुटीमण्डलको प्रदर्शनीस्थलको बुकिङ गरेका छन्।

महामन्त्रीद्वय थापा र शर्माले नियमित महाधिवेशन स्थगन गरेको जनाएका छन्। उनीहरूले विकल्प विशेष महाधिवेशन हुने स्पष्ट पारेका छन्। उनीहरूले सार्वजनिक सूचना जारी गर्दै कांग्रेस केन्द्रीय कार्यसमितिको मंसिर १५ गते सम्पन्न बैठकले निर्धारण गरेको नियमित महाधिवेशनको कार्यतालिका आगामी बैठकबाट अनुमोदन गर्ने गरी यसै सूचनामार्फत स्थगित गरिएको जानकारी गराएका छन्।

महाधिवेशनको मिति तय भइसकेपछि क्रियाशील सदस्यता नवीकरण अन्तिम चरणमा आइपुग्दा समग्रमा ५ लाख ७९ हजार ३ सय ९५ क्रियाशील सदस्यता नवीकरण सम्पन्न भएको विज्ञप्तिमा उल्लेख छ। बाँकी रहेका खोटाङ,





बारा, कञ्चनपुर र कैलाली जिल्लामा जिल्ला कार्यसमितिबाट नवीकरण प्रक्रिया टुंगिएपछि कुल नवीकरण संख्या करिब ६ लाखभन्दा बढी पुग्ने अनुमान महामन्त्री थापा र शर्माद्वयको छ।

उनीहरूका अनुसार यस अवधिमा १ लाख ९५ हजार ७ सय ३७ नयाँ क्रियाशील सदस्यता इन्ट्री भएको छ। अन्य जिल्ला तथा जनसम्पर्क समितिहरूबाट पनि नयाँ सदस्यता इन्ट्रीको कार्य निरन्तर भइरहेको छ। महामन्त्रीद्वय थापा र शर्माले नियमित महाधिवेशन तथा यससँग सम्बन्धित अन्य कार्यतालिका स्थगित भएको अवस्थामा पनि नयाँ क्रियाशील सदस्यता इन्ट्रीको कार्य निरन्तर जारी राख्न सबै तहलाई निर्देश गरेका छन्।

पुस २६ गते नियमित महाधिवेशन सम्पन्न गर्ने लक्ष्यअनुसार त्यसअघिका अन्य कार्यतालिका परिमार्जन गरी गति दिन नसकिएको कारण सम्पूर्ण कार्यतालिका प्रभावित भई निष्प्रभावी बन्न पुगेको उनीहरूको निश्कर्ष छ। उत्पन्न भएको यस्तो अन्योल र अनिश्चिततालाई अन्त्य गर्न यो वक्तव्य जारी गर्न बाध्य भएका उनीहरूको भनाइ छ।

उनीहरूको विज्ञप्तिमा भनिएको छ, '५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरी केन्द्रीय कार्यालयमा दर्ता गराएको विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्ने प्राथमिक विकल्प नियमित महाधिवेशन नै थियो। तर, नियमित महाधिवेशन निर्धारित समयमै सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएपछि फेरि पनि विकल्पका रूपमा विशेष महाधिवेशन नै अघि आएको छ।'

पार्टी विधानको दफा १७(२) बमोजिम विशेष महाधिवेशनसम्बन्धी मागलाई सम्बोधन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी रहेको उल्लेख गर्दै उक्त जिम्मेवारी अन्तर्गतका कार्यहरू संभव भएसम्म सर्वसम्मतिले अगाडि बढाइने उनीहरूले बताएका छन्। जेन-जी आन्दोलनपछि नियमति र विशेष महाधिवेशनको विषयमा कांग्रेसमा ठूलो अन्तविरोध रहँदै आएको छ।

भदौ २३ र २४ को घटनामा घाइते भएपछि सभापति शेरबहादुर देउवाले पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति बनाएर उपचारका लागि सिंगापुर गए।

» बाँकी पृष्ठ १०

## तत्कालीन गृहमन्त्री लेखकको स्थान हद फुकुवा



**काठमाडौं** (अन्नपूर्ण) : भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकको स्थान हद फुकुवा गरेको छ। बयान सकिएसँगै कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका लेखकको स्थान हद फुकुवा गरिएको हो। तत्कालीन गृहमन्त्री लेखकलाई असोज १२ गते बसेको आयोगको बैठकले विदेश भ्रमणमा रोक लगाउने र स्वीकृतिबिना काठमाडौं उपत्यका छाड्न नपाउने आदेश गरिएको थियो।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले गत सोमबारदेखि लेखकको बयान लिएको थियो। अब आयोगले बयान लिन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली मात्रै बाँकी छन्। लेखकको पछि ओलीको बयान लिने तयारी आयोगले गरेको छ। ओलीले बयान दिन नजाने बताउँदै आएका छन्।

# बदर मत कसरी घटाउने ? आयोग घोत्लिँदै

राजकरण महतो | काठमाडौं

आउँदो निर्वाचनमा बदर मतको संख्या घटाउन निर्वाचन आयोगले छलफल थालेको छ। बिहीबार आयोगले स्थानीय तहसँग सम्बन्धित संगठनका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल गरेको थियो। मतदाता शिक्षालाई प्रभावकारी बनाएर बदर मतको संख्या घटाउन आयोगले गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघका प्रतिनिधिहरूसँग छलफल गरेको हो।

छलफलमा आयोगले गाउँका सिंहदरबारसँग मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन उनीहरूसँग आग्रह गरिएको हो। आउँदो फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुन लागेको छ। निर्वाचनका लागि आयोगले कुल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताको नामावली प्रकाशन गरिसकेको छ।

निर्वाचन आयोगले २०७९ सालको चुनावमा एक प्रतिशतले बदर मतको संख्या घटाउने लक्ष्य लिएको थियो। तर, बदर मत झन् एक प्रतिशतले बढेर गयो। प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मा प्रत्यक्षतर्फ कुल १ करोड १० लाख ४७ हजार ३४ मतदान भएको थियो। त्यसमध्ये गणना गर्दा ६.६ प्रतिशत अर्थात् ५ लाख ७६ हजार मत बदर भयो। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कानुन निर्माण गर्ने



र कार्यान्वयन गर्ने जिम्मेवारी पाएका स्थानीय तहहरूले स्थानीय भाषामा आधारित मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताए। उनले भने, 'नागरिकका घरदैलोसम्म मतदाता शिक्षा पुऱ्याएर मतदानको प्रतिशत बढाउन र बदर मत घटाउन स्थानी तहले महत्वपूर्ण भूमिका खेल्न सक्छ।'

उनले निर्वाचन सुरक्षामा आयोगसँगको समन्वयमा सरकारले पूर्णतयारी गरिरहेकाले सुरक्षामा विश्वस्त हुन सबैमा आग्रह गरे। 'निर्वाचन आचारसंहिता जारी भएपछि सरकारी स्रोतको दुरुपयोग गरी मतदातालाई प्रभावित गर्न दिँदैनौं, तर नियमित विकास निर्माणका काम पनि रोक्दैनौं।'

स्वच्छ, निष्पक्ष निर्वाचनका लागि आचार संहिताको पूर्णपालना गर्नु गराउनु अति आवश्यक भएको उनले बताए। यसमा कुनै कमी हुन नदिइने र यसका लागि सूक्ष्म अनुगमन गरिने समेत कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए। विगत ३४ वर्षमा सम्पन्न भएका आम निर्वाचनहरूको तथ्यांकले पनि बदर मतको संख्या बढेको देखाएको छ। मतदाता शिक्षा कमजोर हुँदा बदर मतको प्रतिशत बढ्दै गएको हो।

» बाँकी पृष्ठ १०

## यसपटक निर्वाचन आचारसंहिता सजायमुखी

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले फागुन २१ को निर्वाचन आचारसंहिता सजायमुखी हुने स्पष्ट पारेका छन्। उनले भने, 'अब आचारसंहिता उल्लंघन भयो भने उम्मेदवारी खारेज गर्नसम्म आयोग बाध्य हुन्छ।' अघिल्लो पटक सचेतनामुखी कार्यान्वयनका कारण उल्लंघन बढेको स्वीकार गर्दै उनले यसपालि कडाइ गरिने बताए। हालै निर्वाचन आयोगले निर्वाचन आचारसंहिता स्वीकृत गरेको छ।



माघ पहिलो हप्तादेखि आचारसंहिता लागू गर्ने तयारी भइरहेको छ। उनले निर्वाचनलाई 'महाअभियान' र 'महायज्ञ' को संज्ञा दिँदै सबैको साझा निष्ठा र सहभागिताबाट मात्रै निर्वाचन सफल हुने विश्वास व्यक्त गरे। फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट पछि हट्ने कुनै अवस्था नरहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले बताएका छन्। भदौ २७ गते राष्ट्रपतिबाट फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा भएसँगै आयोगले सम्पूर्ण तयारी तीव्र बनाइसकेको उनको भनाइ छ।

उनले भने, 'तोकिएको मितिमा निर्वाचन भएन भने संविधान र कानुन अनुकूल हुँदैन। निर्वाचन देशलाई निकास दिने एकमात्र मार्ग हो, यसको विकल्प केही पनि छैन।'

» बाँकी पृष्ठ १०